u

**२०८१/१०/१५ मा रामप्रसादराई गाउँपालिकाले आयोजना गरेको चालु आर्थिक वर्षको अर्द्धवार्षिक समीक्षा सहितको सार्वजनिक सुनुवाइ कार्यक्रममा गाउँपालिका अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको कार्य प्रगति विवरण**

रामप्रसादराई गाउँपालिकाले आयोजना गरेको यस आर्थिक वर्षको अर्दवार्षिक समीक्षा सहितको सार्वजनिक सुनुवाइ कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका संपूर्ण महानुभावहरु, सर्वप्रथम त हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित हुनुभएकोमा यहाँहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दछु।

सार्वजनिक सुनुवाई कार्यक्रमबाट गाउँपालिकाले लिएको दिगो विकासको अवधारणामा थप टेवा पुर्याउने लाभान्वित समुदायको प्रत्यक्ष संलग्नता रहने हुदा लक्ष्य अनुरुपको प्रतिफल पाउने, रामप्रसादराई गाउँपालिकाबाट प्रदान गरिएको विकास निर्माण, सेवा प्रवाह, सरकारको तर्फबाट संचालन गरिएका सम्पूर्ण क्रियाकलापहरुको पारदर्शिता तथा गुणस्तरिय सेवा प्रवाहको विषयमा सेवाग्राही नागरिकहरुलाई जानकारी गाराउने, आफ्नो कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरी, आफ्नो कार्यालयबाट चालु आार्थिक वर्षमा सञ्चालन गरी सम्पन्न गरिएका कार्यक्रम तथा बजेट आदिका बारेमा सम्बन्धित सरोकारवाला तथा अन्य इच्छुकलाई विस्तृत जानकारी दिने, कार्यालय आफुले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभाव तथा आगामी दिनमा थप परिष्कृत गर्दै स्थानीय तहलाई अगाडि बढाउनको लागि सेवाग्राही नागरिकको तर्फबाट थप सल्लाह सुझाव प्राप्त गर्ने उद्वेश्यका साथ संचालन भएको अर्द्धवार्षिक समीक्षा सहितको सार्वजनिक सुनुवाई कार्यक्रमबाट यस पालिकाको समग्र विकासमा थप टेवा पुग्ने विश्वास लिएका छौ ।

चालु आ.व. मा यस कार्यालयमा कार्यरत कार्यालय प्रमुख लगायत अधिकांश कर्मचारीहरुको सरुवाका कारण कार्यालयको नियमित कामकाजमा आंशिक प्रभाव परेता पनि हालको लागि रिक्त स्थानमा विभिन्न सेवामा कार्यरत स्थायी, अस्थायी तथा करारका कर्मचारीहरुलाई थप जिम्मेवारी प्रदान गर्दै सरकार सञ्चालन भइरहेको अवस्थामा सबै सरोकारपक्षले सरकारको कामकाजमा थप सहयोग पुर्याउनुहुनेमा आशा अपेक्षाका साथ सरोकारवाला निकायमा कर्मचारी पदपूर्तिको लागि आवश्यक पहलकदमी भइरहेको जानकारी गराउदछु ।

स्थानीय सरकारले गरेका कामहरु र प्रयासको बारेमा आमजनताको छेउमा गएर जानकारी गराउने, स्थानीय सरकारप्रति जनताको अपेक्षा/गुनासो/सुझाव वा आलोचना सुन्ने, सरकार र जनता एक अर्काबीच भएका अस्पष्टताहरु प्रष्ट पार्ने, एक अर्काको कमजोरीहरु थाहा पाई आगामी दिनमा थप परिस्कृत र विकसित हुने अवसर आजको दिनको यो कार्यक्रमले दिनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

अब हामी यस गाउँपालिकामा यस आर्थिक वर्षमा भए गरेका मुख्य मुख्य कार्य प्रगतिको संक्षिप्त विवरण राख्दछु ।

**१. वित्तीय प्रगतिः**

चालु आर्थिक वर्षको पौष मसान्तसम्ममा चालुखर्च तर्फ३५ प्रतिशत र पुँजीगत खर्चतर्फ १० प्रतिशत खर्च भई समग्रमा २९ प्रतिशत प्रगति हासिल भएको छ ।

**२. वडाहरुको प्रगतिः**

वडा कार्यालयहरुद्वारा नै छनौट गरेर कार्यान्वयन गर्नको लागि तय भएका योजना तथा कार्यक्रमहरुको वित्तीय प्रगति यसप्रकार रहेको छ ।

u

| क्र.सं. | विवरण | प्रगति प्रतिशत |
|---|---|---|
| १ | वडा नं १ | ०.९४ |
| २ | वडा नं २ | ४० |
| ३ | वडा नं ३ | ३१ |
| ४ | वडा नं ४ | २ |
| ५ | वडा नं ५ | १८ |
| ६ | वडा नं ६ | २३ |
| ७ | वडा नं ७ | १ |
| ८ | वडा नं ८ | १० |

गत वर्ष झैं यस वर्ष पनि वर्षभरिमा सबैभन्दा पहिला आफ्ना योजना तथा कार्यक्रम सकेर वडा नं २ ले आगामी आर्थिक वर्षको लागि उक्त वडाको लागि विनियोजन गरिएको रकमको थप १० प्रतिशत रकम प्राप्त गरेको छ।

**३. आन्तरिक राजश्वको अवस्था।**

यस आर्थिक वर्षमा रु.४२००००0।– आन्तरिक राजश्व अनुमान गरिएकोमा पौष मसान्तसम्ममा रु.२१०००००।- राजस्व संकलन भएको छ। यो गत वर्षको यसै समयको राजश्वको तुलनामा ५ प्रतिशतले बढी हुन आएको छ, यसलाई थप प्रभावकारी बनाउनको लागि अनलाइनबाटै राजस्व संकलन गर्न सघाउ पुर्याउने उद्देश्यले गाउँपालिका भित्रका संपूर्ण वडा सचिव तथा वडाको सबै कर्मचारीहरुलाई राजस्व मोड्युलबाट राजस्व संकलन गर्ने सम्बन्धी तालिम प्रदान गरिएको छ।

आन्तरिक राजश्व वृद्धिका लागि कानूनत पटक पटक ढुङ्गा गिट्टी बालुवा बिक्री वितरणका लागि ठेक्का लगाइएकोमा ठेक्का नलागे पछि पालिका अध्यक्षको संयोजकत्वमा खोलाको स्थलगत निरीक्षण पश्चात खोलाजन्य पदार्थको चोरी निकासी रोक्नको लागि सुरक्षा निकायको उपस्थिति बढाउने निर्णयसंगै व्यावसायिहरुले वार्षिक ३० लाखमा ठेक्का लगाउन तयार रहेको।

**४. बेरुजू फछ्यौंटमा सुधारः**

अघिल्लो आर्थिक वर्षमा कुल खर्चको ०.४५ प्रतिशत बेरुजू कायम भई भोजपुर जिल्लाकै पहिलो र कोशी प्रदेशका १३७ स्थानीय तहमध्ये न्यून बेरुजू हुनेमा ८औं स्थानमा हाम्रो गाउँपालिका रहन सफल भएकोमा यस वर्ष शुन्य बेरुजू बनाउदै कोशीमा प्रथम र राष्ट्रिय स्तरमा उतकृष्ट ५ औं स्थानको रेकर्ड स्थापित गर्ने यस गाउँपालिकाको लक्ष्य रहेको छ।

गत आ.व. मा स्थानीय तह 'वित्तीय सुशासन जोखिम मूल्याङ्कन' (FRA) मा ७३.५ प्रतिशत अंक प्राप्त गरी भोजपुर जिल्लामै हाम्रो गाउँपालिकाले दोस्रो स्थान प्राप्त गर्न सफल भएकोमा यस वर्ष यसलाई बढाउनको लागि सबै विषयगत शाखाहरुलाई निर्देशन गरिएको छ।।

स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनमा गत आर्थिक वर्षमा ८४ अङ्क प्राप्त गरी भोजपुर जिल्लामै प्रथम स्थान हाँसिल गर्न सफल भएको यस पालिकाले चालु आ.व. मा ९३ अंक प्राप्त गरेको छ। मसान्तसम्ममा भोजपुरको कुनै पनि स्थानीय तहले नतिजा सार्वजनिक गर्न सकेको छैन भने कोशी प्रदेशको १३७ स्थानीय तह मध्य नतिजा सार्वजनिक गर्नेमा दोस्रो पालिकाको रुपमा यो पालिका रहेको छ।

u

## ५. सेवा प्रवाहमा प्रभावकारिता ल्याउन गरिएका प्रयास

### क) वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ताको वितरण र स्वास्थ्य परीक्षणलाई निरन्तरता

गाउँपालिका अध्यक्षको नेतृत्वमा उपाध्यक्ष, वडाअध्यक्ष लगायत अन्य जनप्रतिनिधी, गाउँपालिकाका कर्मचारी, एन. आई. सी. एसिया बैंकका कर्मचारी र सुरक्षाकर्मीको टोली वडा कार्यालयमै पुगेर नागरिकको हातहातमा सामाजिक सुरक्षाबापतको रकम वितरण मात्र हैन, उनीहरुको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कामलाई समेत निरन्तरता दिइएको छ।

### ख) योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था।

चालु आ.व. को गाउँ सभा मार्फत विनियोजित ४५७ वटा योजना तथा कार्यक्रम मध्य जनताको घरदैलोबाट सेवा प्रवाह गर्नु पर्छ भनेर वडा कार्यालयको केन्द्रसम्म कर्मचारी तथा जनप्रतिनिधिहरुको उपस्थितिमा वडा तहबाटै हाल सम्म ३१५ वटा कार्यक्रमको संझौता सम्पन्न गरी संचालन भइरहेकोमा यस पालिकाबाट पेश्की रकम निकासामा रोक लगाएका कारण हाल वित्तीय प्रगतिमा कमजोर देखिएता पनि चैत्र मसान्त सम्ममा एकसाथ ६० प्रतिशत काम सम्पन्न हुने प्रारम्भिक अध्ययनबाट देखिएको छ भने बाह्रै महिना यातायातको साधन संचालनको लागि भइरहेका सडकहरुको स्तरोन्नति सम्पन्न नभएसम्मको लागि नया ट्राक ओपन कार्य बन्द गरिएको छ।

यस पालिकाको सबै घरधुरीमा स्वच्छ पिउने पानीको व्यवस्थापन, विद्युतिकरण जस्ता कार्यमा निरन्तर लागिएको छ।

पर्यापर्यटनको क्षेत्रमा यस पालिकालाई राष्ट्रिय स्तरमा जोड्नुपर्छ भनेर सरकारले छानेको १०० वटा पर्यटकीय गन्तव्यमध्यमा उत्कृष्ट १० मा पर्न सफल भएको मुन्धुम पदमार्गको लागि वडा नं. ६ को थामडाँडाबाट खोटेहाङ्ग र यस पालिकाको सिमानामा रहेको कपासे भन्ज्याङ्हुदै चखेवा जोड्ने कार्यमा रामप्रसादराई गाउँपालिकालाई समेट्न सफल भई पालिका भित्र २५ किलो मिटर पदमार्गको सर्भे गरी थामडाँडाबाट निर्माण कार्यको शुरुवात गर्न संझौता भइसकेको छ।

### ग) स्वास्थ्य तर्फ

१) सबै स्वास्थ्य चौकीहरुमा नि:शुल्क रुपमा पाउने आधारभूत तथा आकस्मिक औषधीको प्रयाप्त उपलब्धता गरिएको छ।

२) दिर्घरोगीहरुलाई मासिक रू. ५००० का दरले त्रैमासिक रुपमा औषधी उपचार खर्च प्रदान गरिएको साथै एकमुष्ट रू. ४०,००० औषधी उपचार सहायता रकम गाउँपालिका बाट समेत उपलब्ध गराइएको छ।

३) सम्पूर्ण स्वास्थ्य-चौकीहरुमा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरुको व्यवस्थापन तथा परिचालन भएको छ।

४) प्रत्येक स्वास्थ्य चौकीहरु तथा स्वास्थ्यकर्मीहरु स्वास्थ्य जनशक्ति तथा स्वास्थ्य संस्था पञ्जीकरणमा सूचिकृत गरिएको छ।

५) पोषण कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकहरुबाट कार्तिक २ र ३ गते ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई भिटामिन-ए तथा जुकाको औषधी वितरण कार्यक्रम सञ्चालन गरिएको छ।

६) गर्भवती तथा सुत्केरी पोषण कार्यक्रम अन्तर्गत प्रत्येक सुत्केरी महिलाहरुलाई रू. ५००० का दरले वितरण गरिएको छ।

७) स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि साथै स्वास्थ्य चौकीहरुबाट हुने सेवाहरुको गुणस्तरमा सुधार गरिएको छ। साथै नियमित रुपमा हुने तथ्याङ्क प्रविष्टीको गुणस्तरमा समेत सुधार गरिएको छ।

u

### घ) शिक्षा तर्फ

**स्थानीय पाठ्यपुस्तक लेखनः** स्थानीय पाठ्यक्रममा आधारित भएर ढिलै भएपनि आगामी शैक्षिक सत्रदेखि सामुदायिक विद्यालयहरुमा पठनपाठन गराउने उद्देश्यले हाल स्थानीय पाठ्यपुस्तक लेखनको कामले पूर्णता पाएको हुँदा कक्षा १-५ मा स्थानीय पाठ्यपुस्तक वितरणको व्यवस्था मिलाइने छ।

आधारभुत तह कक्षा ८ का विद्यार्थिहरुलाई अतिरिक्त कक्षा संचालनको व्यवस्था गरिएको हुँदा आगामी दिनमा शैक्षिक क्षेत्रमा पक्कै पनि सुधार हुनेमा आशा अपेक्षा लिएका छौ।

वालविकास कक्षालाई थप प्रभावकारी ढंगबाट अगाडि बढाउनको लागि अनुगमनको व्यवस्था मिलाइएको हुँदा प्राप्त प्रतिवेदनको आधारमा आवश्यकीय भौतिक तथा अन्य व्यवस्थापन गरिने छ।

**स्वअध्ययन सिकाइ सामाग्री वितरणः**

गाउँपालिकाभित्रका ३३ ओटा सामुदायिक विद्यालयका कक्षा १ देखि ३ सम्म पढ्ने विद्यार्थीहरुको लागि प्रति विद्यालय १८ प्रकारका स्वअध्ययन सिकाइ सामाग्री छपाइ गर्नको लागि आवश्यक प्रक्रियाको थाकनी गरिएको छ

**शिक्षकहरुको लागि मासिक रुपमा तलबभत्ता भुक्तानीलाई निरन्तरताः**

पालिकाका सबै सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको तलब, भत्ता, सञ्चयकोष र नागरिक लगानी कोष कट्टी वापतको रकम मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयबाटै भुक्तानी हुने व्यवस्था गरिएको छ। हालसम्म मुलुकका थोरै स्थानीय तहले मात्र यो काम गर्न सकेका छन्।

### ङ) कृषि विकास कार्यक्रम तर्फ

वडा नं. १ देखि ४ सम्मका अगुवा कृषकहरुलाई वडा नं. ३ भुल्केको वडा कार्यालय तथा वडा नं. ५ देखि ८ सम्मका कृषकहरुलाई गाउँपालिकाको सभाहलबाट प्राङ्गरिक तथा जैविक विषादि तालिम कार्यक्रम सञ्चालन साथै सहभागी कृषकहरुलाई विषादि छर्ने स्प्रे, जैविक विषादि बनाउनको लागि प्लाष्टिकको ड्रम, जिवातु वितरण गरिएको।

वडा नं. ३ को ४० जना मौरि पालक कृषकहरुमा तालिम सञ्चालन साथै प्रत्येक सहभागी कृषकहरुलाई घुम्ति, ब्रस, रानु ढोका, पञ्जा बितरण।

वडा नं. ३ भुल्केका सबै टोलका कृषकहरुलाई तरकारीको बीउ (टमाटर, बन्दा, खोर्सानी, प्याज, हरियो मटर) वितरण गरिएको।

खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, गहुँ, मकै) कार्यक्रम अन्तर्गत वडा नं. ६ भित्रका कृषकहरुलाई २०० के. जि. गहुँको बीउ नेपाल कृषि अनुसन्धान परिषद पाख्रीबास धनकुटाबाट खरिद भइ वितरण गरिएको।

यस गाउँपालिकामा हाल सम्म रसायनिक मल यूरिया ७०५ बोरा डि. ए. पि. ४०७ बोरा पोटास २ बोरा गरी जम्मा १११४ बोरा मल प्राप्त भइ विभिन्न वडाहरुमा वितरण गरिएको

पालिकाको केन्द्रमा बाली उपचार शिविर संचालन गरिएको।

u

**च) पशुपंक्षी उपचार सेवा**

पशुपंक्षी उपचारको लागि औषधि खरिद गरी निः शुल्क औषधि बितरण तथा उपचारसेवा संचालन गरिरहेको ।

पालिका भित्रका ८ वटै वडाको विभिन्न स्थानमा कुकुरहरुलाई निः शुल्क रेविज रोग विरुद्ध भ्याक्सिनेशन गरिएको ।

पालिकाको विभिन्न वडाहरुमा लम्पिस्किन रोग विरुद्धको भ्याक्सिनेशन कार्यक्रम सञ्चालन भइरहेको ।

आ. व. २०८१।०८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गर्नको लागि कार्यपालिकाबाट वडा नं. २, ३ र ७ लाई पकेट क्षेत्र तोकी १५ दिने सूचना प्रकाशन गरिएको ।

**छ) उद्यमविकास कार्यक्रम तर्फ**

यस आ.व.मा पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम शीर्षकमा प्राप्त भएको रकमबाट वडा नं ६ बैकुण्ठेमा १६ जना सहभागीलाई वडा कार्यालयको सहजीकरणमा पाँच दिने एडभान्स सुन्तलाको जुस तथा जाम बनाउने तालिम सञ्चालन गरी सम्पन्न गरिएको ।

**ज) अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता हक, हित र अधिरकार तर्फका कार्यक्रमहरु:-**

गृहभेट (Home visit) :- पालिकाका ८, वटा वडामा गएर ,३५ जना पुरुष,२९ जना महिला सहित जम्मा ६४ जना, अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर भेटघाट गरी परामर्श, फिजियोथेरापी र अपाङ्गताको अवस्था बारेमा फारम भरी सेवा प्रदान गरी समुदायमा घुलमिल हुन सक्रिय बनाएको ।

बीउपुँजी परिचालन:- ८ वटा, वडामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको संस्था, अपाङ्गता मिलिजुली समुहहरुका पदाधिकारी र सदस्यहरु पुरुष ४० जना र महिला २० जना गरी जम्मा ६० जना, अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जन सम्बन्धी बाख्रापालन, कुखुरापालन र बंगुरपालनका लागि विउपुँजी लगानी गरी आर्थिक आयआर्जन गराई उनीहरुको जीवन स्तर माथि उठाउनमा सहयोग गरिएको

अपाङ्गता भएका व्यक्तिहरुको ३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवशमा जनप्रतिनिधि र अपाङ्गता भएका व्यक्ति सहभागीता गराई अपाङ्गता हक, अधिकार र सेवा सुविधा लिनका लागि सहज पुर्याउन आगामी गाउँ सभाबाट अपाङ्गता नीति पास गराउने प्रतिवद्धता गरिएको उक्त नीति पास भएपछि अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानिय तहबाट नीति लागु गरी दिर्घकालिन रुपबाट उनिहरुले सेवा सुविधा पाउने व्यवस्थाको शुरुवात गर्न खोजिएको छ ।

पालिकामा रहेका ३४ वटा, सामुदायिक विद्यालयका विद्यालयहरुसँगको समन्वयमा १७ जना, अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रावृति दिनका लागि पहल भईहरेको ।

u

आर्थिक वर्ष २०८१/०८२ मा पालिकाबाट लक्षित वर्ग अन्तर्गत वडातर्फ अपाङ्गता भएका व्यक्तिको लागि विनियोजन भएको रकम रु. ३,००,००० (तिन लाख) बजेट वडानं १, २, ३, ५, ६ र ७ को सिफारिसका आधारमा मिलिजुली समूहको खातामा निकासा गरिएको छ, यसबाट अपाङ्गता भएका व्यक्तिहरुले आंशिकरुपमा आयआर्जन गर्न सहयोग मिल्ने भएको छ।

### झ) प्रधानमन्त्री रोजगार तर्फ

चालु आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरूको सङ्ख्या जम्मा 10 ओटा रहेको छ। उक्त आयोजनाहरूमा ३ वटा आयोजना सम्झौता भइसकेको छ भने बाँकी ७ वटा आयोजनाहरू माघ मसान्त सम्म सम्झौता सम्पन्न गरी २०८२ जेठ २० गते सम्ममा सबै आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रममा न्यूनतम १०० दिनको रोजगारीका लागि खटिएका श्रमिकहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम तथा आयोजनाको विषयमा दिइने अभिमुखीकरण कार्यक्रम हो। यो कार्यक्रम योजना सञ्चालन भएको स्थानमा नै अभिमुखीकरण गर्दा अति प्रभावकारी हुने भएकोले सोही बमोजिम कार्यस्थलमा नै उपस्थित भई अभिमुखीकरण गर्ने काम भइरहेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट सञ्चालन भएका आयोजनाहरूमा १०० दिनको रोजगारीमा खटिने श्रमिकहरूलाई सुरक्षा सामग्रीको लागि रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैयाँ) बजेट विनियोजन भई आएको छ। उक्त बजेटबाट हेल्मेट, गम्बुट, चस्मा, पञ्जा, ज्याकेट, बेन्डिज र बेटाडिन जस्ता कार्यस्थल सुरक्षा सामग्री खरिद भइसकेको छ। साथै उक्त सुरक्षा समग्री श्रमिकहरूलाई हस्तान्तरण गर्ने काम पनि भइरहेको छ।

नेपाल सरकारले मिति २०८० बैशाख १ गतेबाट नेपालको ७५३ ओटै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृतिको लागि आवेदन दिन सक्ने भनी गरेको निर्णय बमोजिम यस रामप्रसादराई गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट पनि श्रम स्वीकृति सम्बन्धी सहजीकरणको काम भइरहेको छ। चालु आ.व. २०८१/०८२ मा हालसम्म जम्मा १५ जनाको श्रम स्वीकृति भइसकेको छ।

### ञ) पञ्जिकरण शाखातर्फः

यस आ.व.को पौष मसान्तसम्ममा व्यक्तिगत घटना दर्ताको विवरण यसप्रकार रहेको छ।

| वडा नं | जन्म | मृत्यु | विवाह | बसाईँसराइको परिवार संख्या | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| | | | | बाहिरिने | आउने | |
| १ | २९ | ६ | ९ | ४ | १ | १ |
| २ | २२ | ५ | ११ | ६ | ० | २ |
| ३ | २० | ७ | ३ | ७ | ० | ० |
| ४ | १४ | ६ | ५ | ९ | २ | ० |
| ५ | २७ | ९ | ९ | ११ | १ | ० |
| ६ | ३० | ११ | २१ | २२ | १ | २ |
| ७ | १४ | ५ | ७ | २ | ० | १ |
| ८ | २३ | ८ | ६ | ७ | ० | १ |

u

| जम्मा | १७९ | ५७ | ७१ | ६८ | ५ | ७ |
|---|---|---|---|---|---|---|

**सामाजिक सुरक्षा भत्ता पाउने गाउँपालिकानिवासी व्यक्तिहरुको संख्यात्मक विवरण यसप्रकार छः**

- अन्य जेष्ठ नागरिक भत्ता पाउनेको संख्याः ११५५
- दलित जेष्ठ नागरिक भत्ता पाउनेको संख्याः १११
- जेष्ठ नागरिक भत्तापाउने एकल महिलाको संख्याः १७५
- विधवाको संख्याः २४३
- पूर्ण अपाङ्गता भत्ता पाउने व्यक्तिहरुको संख्याः३७
- अति अशक्त अपाङ्गता भत्ता पाउने व्यक्तिहरुको संख्याः७४
- दलित बालबालिकाको संख्याः ११८

जम्माः १९१३ जना

**६) अन्य प्रयासहरु**

**स्थानीय सरकार सञ्चालनको कानूनी शिक्षासम्बन्धी कक्षा सञ्चालन**

कार्यालयको नेतृत्वमा जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि स्थानीय सरकार सञ्चालन सम्बन्धी कानुनी शिक्षा विषयमा प्रशिक्षण कार्यक्रमको लागि निर्णय गरिसकेकोले तुरुन्त तालिम संचालन गर्नको लागि सम्बन्धित शाखालाई निर्देशन गरिसकिएको छ।

**ब्याक हो लोडर मेशिन खरिदः**

गाउँपालिकाले आफ्नै स्वामित्वमा चलाउन मिल्ने गरी ब्याक हो लोडर मेशिन खरिद गरेको छ । यसबाट गाउँपालिकाको सडक निर्माण लगायत अन्य भौतिक निर्माणमा सहयोग पुग्नेछ भने बर्खाको समयमा बाटो अवरुद्ध भई आवतजावतमा आउनसक्ने समस्या निराकरण हुने विश्वास हामीले लिएका छौ।

**पाइप तथा तारजाली खरिद, भण्डारण र आवश्यकता अनुसार वितरणः**

गाउँपालिकाको भूगोलमा विपद या अन्य कारणले भूक्षय, बाढी, पहिरो जानसक्ने र गएको ठाउँमा तुरुन्त निर्माण या मर्मत गर्ने उद्देश्यले ग्याबिन तार तथा पाइपको व्यवस्थापन गरिएको छ।

**नीतिगत दस्तावेजहरुको निर्माणः**

गाउँपालिकाको विकास निर्माण र निर्णय प्रकृयामा अति नै आवश्यक पर्ने नीतिगत दस्तावेजहरु निर्माण भएका छन् । त्यस्ता नीतिगत दस्तावेजहरुमा गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, सडक यातायात गुरु योजना, राजस्व सुधार योजना र दीर्घकालिन कृषि रणनीति,लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण,क्षमता विकास कार्ययोजना लगायत वडा नं. ६ बैकुन्ठेमा १० शैय्याको अस्पताल निर्माणको डि.पी. आर. तयार गरी अगाडि बढिएको छ।

**इन्टरनेट र इन्ट्रानेटमा चुस्तताः**

गाउँ कार्यपालिका कार्यालयका सबै शाखाहरु, वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकी र प्रहरी चौकीहरुमा सूचना प्रविधिमा आधारित कामलाई चुस्तता ल्याउन बाहिरी अवरोध बाहेक आन्तरिक समस्यालाई सकेसम्म चाँडै समाधान गरी सेवा प्रवाहमा चुस्तता ल्याउने प्रयास गरिएको छ ,साथै सबै वडा कार्यालयमा सुरक्षाको दृष्टिकोणलाई मध्यनजर राख्दै सि.सी क्यामरा जडानको कार्य अगाडि बढाईसकिएको छ।

**विपदमा सहयोगः**

**नगद रकम सहयोगः**

विपद्या परेर आवासिय घर तथा गोठमा क्षती पुगेका गाउँपालिकाका नागरिकहरुलाई चालिस हजार सहयोग गर्नको लागि कार्यविधि निर्माण गरी राहत प्रदान गर्ने कामको थालनी गरिएको छ॥

**भूकम्पपिडितलाई सहयोगः**

संझौता पश्चात घर निर्माण सम्पन्न भएका भूकम्पपिडीतहरुको सम्बन्धित निकायबाट तपाइहरुको घरघरमा आएर स्थलगत निरीक्षणको व्यवस्था मिलाई लगत संकलनको कार्य पूरा भएकोले छिट्टै बाँकी रकम निकासाको लागि पहल गरिएको छ।

**फुसको छाना फेर्ने कामः**

यस आर्थिक वर्षमा **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तरगत गाउँ पालिकाभित्र संझौता भइसकेको घरपरिवारको फुसको छाना हटाई जस्ताको छानो लगाउने कार्यका लागि नेपाल सरकार अर्थमन्त्रालयसंग थप बजेट माग गरिएको छ।

**अनुगमनबाट देखिएका कैफियत उपर शुन्य सहनशीलताः**

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, अन्य जनप्रतिनिधीहरु र कर्मचारीहरुबाट संयुक्त रुपमा गर्ने गरिएको योजनाहरुको अनुगमनका क्रममा कुनै कमजोरी वा कामको गुणस्तरमा ह्रास देखिएमा त्यसको भुक्तानी रोक्ने वा त्यसमा सुधार गराएपछि मात्र भुक्तानी दिने कार्यलाई कडाइका साथ पालना गरिएको छ।

अन्तमा, यस गाउँपालिकाको विकास हामी सबैको साझा प्रयत्नबाट मात्र संभव हुने कुराको स्मरण गराउँदै गाउँपालिकाले गरेका काम र गर्न लागेका कामको सम्बन्धमा सदैब यहाँहरुको चासो, चिन्ता, गुनासो सल्लाह र सुझावलाई शिरोधार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै सम्पूर्ण माहानुभावहरुमा हार्दिक नमनका साथ बिदा हुन चाहान्छु।

धन्यवाद।

२०८१/१०/१५

ज्ञान बहादुर राई
अध्यक्ष




समीक्षा सहितको
कार्यक्रम








THANKS










NYC


OK




THANKS
धन्यवाद


आ.व. २०८१/०८२ को अर्धवार्षिक समीक्षा
सुनुवाइ

